**सानिमा माई हाइड्रोपावर लिमिटेड**
**निर्वाचन अधिकृतको कार्यालय**
**का.म.न.पा-४, धुम्बाराही, काठमाडौं**

विषय : निर्वाचन सम्बन्धमा जानकारी

१. मिति २०८१/०९/२८ गते संचालन हुने वार्षिक साधारण सभाको लागि तय गरिएको एजेण्डामा छलफल सकिए पश्चात जुनसुकै समयमा मतदान शुरू भएपनि शुरु भएको समयबाट २ घण्टा मतदान गर्नका लागि समय दिइने छ ।

२. निर्वाचनमा प्रयोग गरिएका सबै मतपेटीकाहरू प्राप्त भएपछि मतगणना कार्य शुरू हुनेछ ।

३. मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ ।

४. सभामा भाग लिने र मतदान गर्ने एउटै व्यक्ति हुनेछ ।

५. संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीहरूले निर्वाचन सम्वधि कार्यक्रममा तोकिएको ढाँचा बमोजिमको उम्मेदवारीको दरखास्तमा एकजना प्रस्तावक र एक जना समर्थक (सम्बन्धित शेयरधनी समुहको) सहित उम्मेदवारी दर्ता गर्नु पर्ने छ । उम्मेदवारले निर्धारित समय भित्र आफ्नो उम्मेदवारी फिर्ता लिन सक्नेछ । तर संचालक समितिको अध्यक्षले अनुमति दिएमा सो समय पछि पनि उम्मेदवारले आफ्नो नाम उम्मेदवारी फिर्ता लिन सक्ने छ ।

६. मतदाता नामावली कम्पनीको शेयर रजिष्ट्रार सानिमा क्यापीटल लि. बाट विद्युतीय माध्यमबाट कम्पनी सचिवले प्राप्त गरि निर्वाचन अधिकृतलाई उपलब्ध गराए बमोजिम विद्युतिय माध्यमबाट प्रकाशीत गरिने छ ।

७ प्रोक्सी (प्रतिनिधी पत्र) बुझाउन ल्याउदा प्रोक्सी दिनेको नामथर, शेयरधनी नं. डिम्याट नम्बर र शेयर कित्ता संख्या समेत उल्लेख गरि पंजिका सहित २०८१/०९/२६ गते बिहान ११:०० बजे भित्र बुझाउनु पर्नेछ । साथै प्रोक्सीमा सक्कल दस्तखत हुनुपर्नेछ ।

८. सानिमा क्यापीटल लि. बाट हस्ताक्षर सहिछाप जाँच प्रमाणीकरण गरि दिएको सदर, प्रोक्सी (प्रतिनिधि पत्र) मात्र मतदानका लागि ग्राहय हुनेछ ।

९. मतदानका लागि प्रत्येक उम्मेदवारको नामको अलग अलग मतपेटीका हुनेछन् । मतदान गोप्य तरिकाले गर्ने व्यवस्था मिलाइने छ ।

१०. महिला संचालक पदमा उम्मेद्वार बन्ने शेयरधनी १ जना मात्र भएमा निर्विरोध हुनेछ भने १ भन्दा बढी उम्मेद्वार महिला भएमा १ सिटका लागि महिला महिला बिच मात्र प्रतिस्पर्धा हुनेछ । महिला सिटमा उम्मेद्वार बन्ने वा खुल्ला सिटमा बन्ने सम्बन्धित उम्मेद्वार आफैले दरखास्तमा खुलाउनु पर्नेछ ।

११. उम्मेदवारको दरखास्त साथ पेश गर्नु पर्ने कागजात, योग्यता अयोग्यता र अन्य विषयका सम्बन्धमा संचालक निर्वाचन कार्याविधि निर्देशिका, कम्पनी ऐन, २०६३, धितोपत्र बोर्डबाट जारी गरिएको निर्देशिका, धितोपत्र ऐन, एवं प्रचलित ऐन, कानुन बमोजिम हुनेछ ।

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

Scanned with CamScanner

१२. अन्य विषयमा निर्वाचन अधिकृतले समय समयमा जारी गर्ने सूचनाहरु अध्ययन गरि सोही बमोजिम गर्नु गराउनुहुन समेत सूचित गराइन्छ।

सही :

वरिष्ठ अधिवक्ता भीमसेन वन्जारा

मिति : २०८१/०९/१७

CamScanner